म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ५५ आइतबार ७ असोज २०८० ने. सं. ११४३ ञलाथ्व 24 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट अवैध मदिरासहित दुईजना पक्राउ

हेटौंडा, ६ असोज/मकवानपरको हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेबाट प्रहरीले अबैध मदिरासहित दुई जनालाई पक्राउ गरेको छ । पूर्वपश्चिम राजमार्गअर्न्तगत हेटौंडा हुँदै बारातर्फ जाँदै गरेको डिएल ८ सीएके १३९० नम्बरको कारबाट प्रहरीले रोयल ग्रिन नामक मदिरा ३७५ एमएलको ३९० वटा र १८० एमएलको ५६ वटा सहित दुई जनालाई पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । पक्राउ पर्नेमा कार चालक भारतीय नागरिक २६ बर्षीय राजेश कश्यव र कारमा सवार सोहीस्थान बस्ने २५ बर्षीय राहुलकुमार पहरी रहेका छन् । प्रहरीका अनुसार कार नवलपरासीको बोडर हुँदै नेपाल प्रवेश गरेको थियो । बारातर्फ जाँदै गरेको ईन्डियन कार हेटौंडास्थित रातोमाटमा प्रहरीले रोकेर खानतलासी गर्दा कारको डिक्कीको फल्सबटम बनाएर लुकाईछिपाई राखेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# शिलान्यासको १४ वर्षसम्म अपूर्ण 'गौरिटार रंगशाला'

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडा उपमहानगरपालिका-६, गौरिटारमा १४ वर्ष अघि शिलान्यास गरिएको केन्द्रीय खेलकुद प्रतिष्ठान (गौरिटार रंगशाला) अझै अपूर्ण छ । हेटौंडामा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता-२०३९ हुने समयमै गौरीटारमा अत्याधुनिक सुबिधा सम्पन्न रंगशाला निर्माण गर्ने घोषणा गरियो ।

चारदसक अघि गौरीटार रंगशालामा खेलकुदको अभ्यास गर्ने सपना देखेका कतिपय खेलाडीले यो संसारबाट बिदा लिइसकेका छन् भने कतिपय खेलाडीले खेलजीवनबाट सन्यास लिइसकेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी हुने नेपाली खेलाडीलाई बन्दप्रशिक्षणमा राख्न भन्दै २८ जेठ २०६६ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले भब्य तयारीका साथ गौरिटार रंगशालाको शिलान्यास गरेका थिए । शिलान्यासकर्ता नेपालकै राजनीति उथलपुथल भइसक्यो तर, एउटा देशकै महत्वपूर्ण खेलकुद संरचना भने अझै अपूर्ण छ ।

तत्कालीन राष्ट्रिय खेलकुद परिषद्ले पाँच वर्षभित्र निर्माण सक्ने गरी २ अर्ब ५० करोडको लागतमा काम सुरु गरेपनि गौरिटार रंगशाला लामो समयसम्म कम्पाउण्डभित्र खुला मैदानमा सीमित भयो । विगतमा यहाँभित्र खेलाडीका लागि बनाइएका होस्टल 'भुतघर' जस्तै बनेका थिए । हाल होस्टललाई प्रदेश खेलकुद विकास परिषद्ले आफ्नो कार्यालयको रुपमा प्रयोग गरिरहेको छ ।



पाँच वर्षभित्र सञ्चालनका लागि तयार गर्ने भनिए पनि केन्द्रीय खेलकुद प्रतिष्ठान आयोजनाले बजेट नै पाएन । जसका कारण निर्माण थालेको १४ वर्ष बितिसक्दा पनि केन्द्रीय खेलकुद प्रतिष्ठानमा बन्दप्रशिक्षणका लागि पूर्वाधार तयार हुन नसकेको हो । महत्वको योजनामा बजेटले निरन्तरताा नपाउँदा देशका थुप्रै पूर्वाधार निर्माण अलपत्र छन् । जसमध्ये खेलकुद क्षेत्रमा कोसेढुंगा सावित हुने गौरिटार रंगशालाको योजना भने कछुवाको गतिमा अगाडि बढिरहेको छ । यहाँ फुटबल, भलिबल, क्रिकेटका लागि खेलमैदान, स्विमीङ पुल, छात्र र छात्रा होस्टल, प्रशासनिक भवन लगायतको संरचना निर्माण गर्ने राखेपको योजना थियो ।

योजना पूरा गर्न विगतमा सरकारले ८ वर्षमा ५ करोड बजेट छुट्यायो । यही बजेटबाट ब्वाइज होस्टल, कम्पाउन्ड वाल र गेट निर्माण गरियो । मुलुकमा संघीयता आएपछि बागमती प्रदेश सरकारले क्रमागत बजेटबाट फुटबल ग्राउन्ड, रनिङ ट्र्याक सिन्थेटिक, भिआईपी प्यारापिट र लाईटिङ गर्ने गरी ९० करोड रुपैयाँको लागत अनुमान तयार पारेको छ । १३ करोड ३८ लाख रुपैयाँमा ठेक्का सम्झौता भई केसी-सप्तकोसी-ओमसाई जेभीले फुटबल ग्राउन्ड, रिटेनिङ वाल, रनिङ ट्र्याक र भिआईपी प्यारापिट निर्माणको काम गरिरहेको छ ।

सामाजिक विकास मन्त्रालय हेटौंडाका सूचना अधिकारी कृष्ण आचार्यले एकै वर्षमा पर्याप्त बजेट दिन नसकिने र बजेट भएपनि एकै वर्षमा काम सम्पन्न हुन नसक्ने अवस्थाले गर्दा प्रदेश सरकारबाट बहुबर्षीय क्रमागत आयोजनाको रुपमा स्वीकृत गरेर काम गरिरहेको बताए । उनले डिपिआरअनुसार हरेक वर्ष बजेट छुट्याएर काम गरिरहेको बताए । क्रिकेट मैदानका लागि ७१ करोड १९ लाख र स्विमिङ पुल निर्माणका लागि ५० करोड ३२ लाख रुपैयाँ लाग्ने अनुमानसहित डिपिआर तयार भएको छ ।

प्रदेश खेलकुद विकास परिषद्मार्फत खर्चगर्ने गरी यसवर्ष स्विमङ पुल निर्माण गर्न ३ करोड र क्रिकेट मैदान निर्माण गर्न ४ करोड रुपैयाँ बजेट छुट्याइएको छ । गौरीटारमा कभर्डहल, पौडीपोखरी, महिला तथा पुरुषको छुट्टाछुट्टै आवास कक्ष, रिक्रिएशन कक्ष, औषधोपचार कक्ष र प्रशासनिक भवन निर्माण गरिने बताइएको छ । शिलान्यास गर्ने समयमा तयार गरिएको गुरुयोजना अनुसार अहिले काम हुन सकेको छैन । जति बजेट निकाशा भयो त्यसैअनुरुपको काम गर्ने गरी योजना बनाइएको छ ।

खेलकुद क्षेत्रको विकासका लागि कोसेढुंगा बन्ने विश्वास लिइएको यो प्रतिष्ठान निर्माणमा देखिएको सुस्तताले खेलाडी र खेल क्षेत्रका अगुवा भने चिन्तित छन् । समयमै संरचना तयार नहुँदा खेलाडी उत्पादन र खेलाडीहरुको क्षमता विकासमा बाधा पुगेको जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गी बताउँछन् । उनले खेलकुदका संरचना निर्माणमा तीनै तहका सरकारले तदारुकता देखाउनुपर्ने बताए ।

गौरिटार रंगशालामा बागमती प्रदेश सरकारले करिब ९० करोड रुपैयाँबराबरको भौतिक पूर्वाधार निर्माण गर्ने गरी डीपीआर तयार गरेको छ । एउटा खेलकुद संरचना नबन्दा प्रदेश खेलकुद विकास परिषद्ले क्लबको मैदानमा प्रदेश खेलकुद प्रतियोगिता आयोजना गरिरहनु परेको छ । निर्माणाधीन अवस्थामा रहेकाले गौरिटार रंगशाला हालसम्म खेल्नलायक छैन । प्रदेश खेलकुद प्रतियोगिता दुईपटक हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा आयोजना गरिएको थियो । गौरिटार रंगशालामा यसअघि राष्ट्रिस्तरको महिला फुटबल भएको थियो । त्यसयता यहाँ महत्वपूर्ण खेल हुन सकेको छैन ।

अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माण गर्न जग्गाको खोजीमा लागेको धुर्मुस-सुन्तली फाउन्डेशनले पनि २०७४ सालमा हेटौंडाको गौरिटार रंगशालाको जग्गा अवलोकन गरेको थियो । केन्द्रीय खेलकुद प्रतिष्ठान अन्तरगतको जग्गामा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि सम्भाव्यताको खोजीमा टोली हेटौंडा आएको थियो । गौरीटार रंगशालाको जग्गामा कुरा नमिलेपछि फाउण्डेसनले चितवनमा गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माण थालेको हो ।

# कुलेखानी जलाधार क्षेत्रमा ३० वर्षपछि बिजुली

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा पर्ने कुलेखानी जलाशयको जलाधारमा क्षेत्रमा ३० वर्षपछि बिजुली बत्ति बलेको छ ।

कुलेखानी जलाधार क्षेत्रमा पर्ने थाहा नगरपालिका वडा नम्बर-३, स्थित प्यान्टेडाँडा, विष्णुढुंगा, झाँक्रीखोरिया तथा कर्मीखोरियाका जनताले हालसम्म बिजुली बत्ति बाल्न पाएका थिएनन् । बिजुली मुनीको उज्यालोमा बस्ने सपना देखेका यस क्षेत्रका बासिन्दाले वर्षौंपछिको पर्खाई पश्चात हाल घरमा बत्ति बाल्न पाएका हुन् ।

'थाहा नगरपालिका वडा नम्बर-३, स्थित प्यान्टेडाँडा, विष्णुढुंगा, झाँक्रीखोरिया तथा कर्मीखोरियाका जनताले यतिका वर्षसम्म बिजुली बत्ति बाल्न नपाएकोमा अब घरमा उज्यालो आएको छ ।', उत्तरी क्षेत्रका साहित्यकार बिर्खे अञ्जानले भने । उनकाअनुसार ३० वर्षपछि यहाँ बत्ति बाल्न प्रतिनिधिसभा सदस्य महेश कुमार बर्तौलाले पहल गरेका हुन् ।

यसअघि बस्तीमा बत्ति बाल्ने प्रयास धेरैपटक गरेको तर, कतैबाट पनि सुनावाई नभएपछि अँध्यारोमै बस्न स्थानीय विवश रहेको अञ्जानले सुनाए । 'अहिले यो स्थानमा सांसद बर्तौलाको पहल तथा स्थानीय सरोकारवालाको जनश्रमदानबाट बत्ती बल्न सफल भएको हो ।', उनले भने । 'जनतासँग गुनासो' एक अभियानको नेतृत्व गर्दै थाहानगर आइपुगेका सांसद बर्तौलासँग स्थानीय पीडितले दुई साता पहिले आफ्नो व्यथा पोखेका थिए । आफू यो काममा लाग्ने र सकेको पहल गर्ने जनाएका बर्तौलाको प्रत्यक्ष निगरानीमा काम सम्पन्न भएको अञ्जान बताउँछन् ।



थाहा नगरपालिको कार्यालय रहेकै वडाभित्र पनि टुकीको साहारामा बस्नुपर्ने बाध्यताको अन्त्य भएकोमा स्थानीय जनताले खुशी मनाएका छन् । गतवर्ष विद्युत प्राधिकरण पालुङ शाखाले लाइन बिस्तार गर्ने भनेर योजना सार्वजनिक गरे तापनि हालसम्म काम अघि नबढेको जनाइएको छ । थाहानगरमा मात्र होइन, जिल्ला सदमुकाम हेटौंडाभित्रै ५ प्रतिशत तथा कैलाश, इन्द्रसरोबर, बागमती, बकैया, मकवानपुरगढी, भीमफेदी, इन्द्रसरोबर, मनहरी गाउँपालिकाको सबै घरमा बत्ति बल्न सकेको छैन ।

# २ नं. वडालाई मकवानपुरगढीको भेट्रान्स फुटसल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ मकवानपुरगढी गाउँपालिकास्तरीय भेट्रान्स कप फुटसलको उपाधि खेलकुद विकास समिति मकवानपुर गढी-२ ले जितेको छ ।

विजयादशमीको अवसरमा प्रतिभा युवा क्बलले आयोजना गरेको मकवानपुरगढी गाउँपालिकास्तरीय भेट्रान्स कप फुटसल प्रतियोगिताको फाईनलमा सेर्से गुम्बा मकवानपुर गढी-४ लाई २-१ ले हराउँदै २ नम्बर वडाको खेलकुद विकास समितिले जितेको हो । विजेता टोली २ नम्बर वडाले शनिवार भएको सेमिफाइनलमा मकवानपुरगढी-५ आमभञ्ज्याङलाई ६-१ गोल अन्तरले पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । उपविजेतामा चित्त बुझाएको सेर्से गुम्बाले सेमिफाइनलमा गढी स्टार स्पोर्टस् क्लबलाई ४-० गोल अन्तरले हराएर फाइनमा पुगेको थियो ।



उपाधि विजेता २ नम्बर वडा खेलकुद विकास समितिले ३० किलोको खसी, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता सेर्से गुम्बा मकवानपुरगढी-४ ले २० किलोको बोका, शिल्ड, मेडल र प्रमाणपत्र पाएको हो । प्रतियोगितामा सेर्से गुम्बाका गौरव घलान उत्कृष्ट खेलाडी घोसित हुँदै नगद ५ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतिभा युवा क्लबका खेल संयोजक बिक्रम लामाको अध्यक्षतामा भएको प्रतियोगिता समापन कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानको प्रमुख आतिथ्यता थियो ।

# उपभोक्तालाई काठ दिने नीति बनाउदैछौँ: मुख्यमन्त्री जम्कट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विदेशबाट काठ ल्याउन रोक्नुपर्ने बताएका छन् । नवजागृति सामुदायिक वन उपभोक्ता समूह भरतपुर चितवनको रजत महोत्सव समापन समारोहलाई शनिबार सम्बोधन गर्दै उनले यहाँ भएका काठ कुहिएर जाने गरेको र अर्बौंका काठ विदेशबाट ल्याएर उपभोग गर्नु परेको बताए ।

उनले भने, 'यहाँ हामी काठ काट्न नदिने अनि विदेशबाट काठ ल्याउने ? नेपालीलाई चाहिने काठ नेपालमै छ । विदेशबाट काठ ल्याउन हामीले रोक्नुपर्छ।' उनले बागमती प्रदेश सरकारले ऐनमा संशोधन गरेर उपभोक्तालाई आवश्यक काठ दिने नीति बनाउन लागेको बताए। उनले थपे, 'हामी जथाभावी काठ काट्न दिदैनौं तर, काठ दिन रोक्न पाईँदैन।'

उनले वन जङ्गल जोगाउनु सबैको कर्तव्य भएको भन्दै वनबाट फाइदा पनि लिनपर्ने बताए । हाम्रोजस्तो विविधताले भरिएको मुलुक अन्त कतै नभएको भन्दै मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले वनबाट झरेको पातबाट प्राङ्गारिक मल बनाउन लागेको जानकारी दिए ।

सरकारको नीति तथा कार्यक्रम र बजेटमा राखेर प्रत्येक



निर्वाचन क्षेत्रमा एउटा प्राङ्गारिक मल कारखाना स्थापना गर्नेतर्फ सरकार लागेको उनको भनाइ थियो । संघीय लोकतात्रिक गणतन्त्र नेपाललाई समृद्ध नेपाल बनाउने जिम्मेवारीका साथ सबैले आआफ्नो स्थानबाट सहयोग गर्नुपर्ने भन्दै उनले नयाँ तरिकाले कृषिकर्म गर्नुपर्ने बताए ।

उनले भने, 'किसानका नाममा धेरै प्रतिशत अनुदान दुरुपयोग भएको छ । अब व्यक्तिलाई अनुदान नदिई समुदायमा आधारित कृषि उत्पादनको मोडेलमा बागमती प्रदेश सरकार जान लागेको छ ।' फरक प्रसङ्गमा मन्त्री जम्कट्टेलले नर्सिङ पढ्नका लागि बागमती प्रदेश सरकारले क्षमता भएका कलेजमा पढ्नका लागि खुला गर्न लागेको बताए ।

उनले भने, 'अब नर्स पढ्न बागमती प्रदेशमा बन्देज हुँदैन ।' अन्तर्राष्ट्रियस्तरमा नेपाली नर्स तथा चिकित्सकको माग बढिरहेको अवस्थामा यहाँ पढ्नै नपाउने गरी रोक्न नहुने उनले बताए । कतिमा पढाउने भन्ने कुराको पनि सूचना आइसकेको उनले जानकारी गराए । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले प्रदेश सरकारले विभिन्न क्षेत्रमा उल्लेख्य काम गरेको बताए । उनले स्वास्थ्यको क्षेत्रमा आम सेवाग्राहीको स-साना गुनासासमेत सम्बोधन गरेको जानकारी गराए ।

जोशीले भने, 'हामीले धेरै कामको थालनी गरेका छौँ, कतिपय कामको सकारात्मक प्रतिफल पनि आइसकेको छ।' कार्यक्रममा वन क्षेत्रसँग सम्बन्धित विभिन्न व्यक्तिको सहभागिता रहेको थियो । 'हाम्रो लगानी हरेक बोट, जनजनमा सामुदायिक वन संरक्षणको २५ औँ वर्षको रजत महोत्सव' भन्ने मूल नाराका साथ नवजागृति सामुदायिक वन उपभोक्ता समूहले विभिन्न कार्यक्रम गरी रजत महोत्सव समापन गरेको हो ।

# हेटौंडामा आमा सेमिनार गर्दै मानवसेवा आश्रम




साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडामा मानवसेवा आश्रमले आफ्नो मानवता प्रवर्द्धन कार्यक्रमअन्तर्गत आमा सेमिनार कार्यक्रम आयोजना गर्ने भएको छ ।

असोज १४ गते आइतबार १ दिवसीय आमा सेमिनार हुन लागेको आश्रमका अध्यक्ष रामजी अधिकारीले बताए । हेटौंडाको ओम्याक्स सिनेमा हलमा दिनको ३ बजेदेखि ६ बजेसम्म चल्ने आमा सेमिनार हुने अधिकारीले बताए । कार्यक्रममा मानवता, राष्ट्रियता, परोपकार, राष्ट्र प्रेम, र आफूलाई जन्मदिने मातापिताको महत्व बोध गराई, प्रेम, सद्भाव करुणालाई जनजनमा, मनमनमा पुऱ्याउने उद्देश्यले आयोजना गर्न लागिएको अधिकारीले बताए ।

सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र निर्माणको परिकल्पनालाई पुरा गर्ने आधार तयार गर्ने राष्ट्रव्यापी रुपमा मानवता प्रवर्द्धनको कार्यक्रम आयोजना गर्न लागेको जनाइएको छ । साउन १३ गते पर्सा वीरगन्ज टाउन हलमा सात सयजनाको सहभागितामा यो कार्यक्रम भएको थियो । भदौ २० देखि असोज १२ गतेसम्म २२ दिन बेलायतका विभिन्न सहरमा आमा सेमिनार सम्पन्न गरिएको अध्यक्ष अधिकारीले बताए ।

बेलायतबाट टोली असोज १२ गते नेपाल आउने बित्तिकै आफ्नो गृहजिल्ला मकवानपुरको हेटौंडामा आमा सेमिनार गरिने र असोज २० गते कास्कीको पोखरा र २७ गते मेचीनगर झापामा हुने अध्यक्ष अधिकारीले बताए ।

कार्यक्रममा आमा समूह, टोल विकास समिति, युवा समूह वा क्लब, शिक्षक-शिक्षिका, विद्यार्थी, कर्मचारी, धार्मिक तथा आध्यात्मिक संघसंस्थाको प्रतिनिधि, जनप्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, सञ्चार कर्मी समेतलाई समेटेर कार्यक्रममा ४०० जनाले सहभागिता जनाउनेछन् । कार्यक्रमको व्यवस्थापन मानवता अध्ययन केन्द्रले गर्ने जनाइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मातृमृत्युदरमा उपलब्धीमूलक सुधार

बागमती प्रदेशमा मातृ मृत्युदर र शिशु मृत्युदर सबैभन्दा कम रहेको पाइएको छ । स्वास्थ्य क्षेत्रले यो बिषयमा फड्को मारेको छ । समाजमा बढ्दै गएको जनचेतना, शिक्षा, सूचनाको पहुँच, स्वास्थ्यकर्मीको सहज उपलब्धता आदि कुराले बालमृत्यु र मातृमृत्यु दर कम भएको हो । पछिल्लो समयमा जनस्वास्थ्यमा निकै परिबर्तन आएको अनुभूति समाजले गरिरहेको छ । नेपाल जनसाङ्खिक सर्वेक्षण २०२२ अनुसार एक लाख जन्मिएका बालबालिकामध्ये १ सय ५१ जनाको मृत्यु हुने गरेको तथ्यांक छ । नवजातशिशु मृत्युदर प्रति १ हजारमा २१ रहेको छ । प्रत्येक दिन २ जनाका दरले मातृमृत्यु हुने गरेको स्वास्थ्य सेवा विभागअन्तर्गत रहेको परिवार कल्याण महाशाखाको तथ्यांकले देखाएको छ । अनिच्छित गर्भ र असुरक्षित गर्भपतनका कारण मातृमृत्यु कम गर्न चुनौती देखिएको अध्ययनले देखाएको हो ।

मातृमृत्युको कारणमध्ये करिब ५ प्रतिशत गर्भपतनको जटिलता भएको उल्लेख छ । समाजको डरका कारण जथाभाबि गर्भपतन गराएकै कारण मातृमृत्युदर सोचेजति कम हुन नसकेको बताइएको छ । मातृमृत्यु भएकामध्ये १० प्रतिशत किशोरी रहेका छन् । त्यस्तै, उपयुक्त जन्मान्तरको कमीले पनि मातृमृत्यु बढिरहेको महाशाखाले जनाएको छ । अझैपनि करिब आधा जति गर्भ अनिच्छित रहने गरेको महाशाखाद्वारा गरिएको अध्ययनले देखाएको छ । सात प्रदेशमध्ये लुम्बिनी प्रदेशमा सबैभन्दा बढी र बागमती प्रदेशमा सबैभन्दा कम मातृमृत्युदर रहेको छ । अध्ययनअनुसार करिब दुईतिहाइ अनिच्छित गर्भपतन र कुल गर्भपतनको करिब आधा असुरक्षित हुने गरेको पाइएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार यदि दम्पतीले दुई गर्भबीच कम्तीमा २ वर्षको अन्तर कायम गरेमा परिवार योजना सेवाले ३० प्रतिशत मातृमृत्यु र १० प्रतिशत बालमृत्यु कम गराउने बताइएको छ । नेपालमा भने करिब ५३ प्रतिशत मातृमृत्युलाई कमी ल्याउन परिवार योजना सेवाको योगदान रहेको अध्ययन भन्छ । लुम्बिनी प्रदेशमा मात्रै २ सय ७ मातृमृत्युदर रहेको छ । सबै भन्दा कम बागमती प्रदेशमा ९८ मातृमृत्युदर छ । दोस्रोमा कर्णाली प्रदेशमा १ सय ७२ मातृ मृत्युदर रहेको छ । गण्डकी प्रदेशमा १ सय ६१, कोशी प्रदेशमा १ सय ५७, मधेस प्रदेशमा १ सय ४० र सुदूरपश्चिम प्रदेशमा १ सय ३० मातृमृत्युदर रहेको महाशाखाले जनाएको छ । समग्रमा नेपाल भरको शिशुमृत्युदर १९ दशमलव ८ प्रतिशत रहेको छ । महाशाखाको आँकडालाई केलाउँदा सात प्रदेशमध्ये शिशुमृत्युदर सबैभन्दा बढी मधेस प्रदेशमा २८ दशमलव ९ प्रतिशत तथा सबैभन्दा कम गण्डकीमा ९ दशमलव ४ प्रतिशत र गण्डकी पछि बागमतीमा कम शिशु मृत्यु दर रहेको पाइएको छ ।

लुम्बिनी प्रदेशमा १९ दशमलव ६ प्रतिशत, सुदूरपश्चिममा १८ दशमलव ६ प्रतिशत, कोशी प्रदेशमा १७ दशमलव २ प्रतिशत, कर्णाली प्रदेशमा १५ दशमलव ६ प्रतिशत, बागमती प्रदेशमा १० दशमलव ७ प्रतिशत मृत्युदर रहेको परिवार कल्याण महाशाखाले जनाएको छ । नेपालमा नवजात मृत्युदरमध्ये सबैभन्दा धेरै दुई वर्षमुनिका नवजातको मृत्यु भएको पाइएको छ । परिवार कल्याण महाशाखाले नवजातको उमेर समूहलाई ४ भागमा विभाजन गरेको छ । जसमा दुई वर्ष, दुई वर्षसम्मका, तीन वर्षसम्मका र चार वर्षभन्दा माथिका नवजात भनेर उल्लेख गरिएको छ । यी उमेर समूहका नवजातमध्ये सबैभन्दा भन्दा धेरै दुई वर्षमुनिका नवजातको मृत्युदर ४२ प्रतिशत रहेको छ । यसैगरी, दोस्रोमा दुई वर्षसम्मका नवजात शिशुमृत्यु १८ प्रतिशत, तेस्रोमा तीन वर्षसम्मका नवजात शिशुमृत्यु १६ तथा चार वर्ष भन्दा माथिका नवजात शिशुमृत्यु १२ प्रतिशत रहेको छ । ठूलो उमेर समूहका भन्दा साना उमेर शिशुको मृत्यु दर अधिक रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज ८ गते सोमबार २५ सेप्टेम्बर २०२३ । एकादशी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५४, सूर्यास्त ५:५६ । विश्व फार्मेसिस्ट दिवस । हरिपरिवर्तिनी एकादशी व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **तुला** | : अधुरो काम बन्ने सम्भावना छ |
| **वृष** | : शुभ समाचार मिल्नेछ | **वृश्चिक** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **मिथुन** | : भाग्योदयको योग छ | **धनु** | : आफन्तबाट विरोध हुनेछ |
| **कर्कट** | : सहयोगी हातहरु बढ्नेछ | **मकर** | : पेसाबाट घाटा देखिन्छ |
| **सिंह** | : धर्मकर्ममा मन जानेछ | **कुम्भ** | : कामको उचित प्रतिफल पाइनेछ |
| **कन्या** | : नयाँ मित्रसँग भेटघाट हुनेछ | **मीन** | : धन आर्जन हुनेछ |

# मकवानपुरका सामुदायिक रेडियोका चुनौति र अबको बाटो



शिवकुमार काशी
स्टेशन म्यानेजर, रेडियो मनहरी



आम मानिसहरु आजभन्दा अढाइ दशकअघि सम्म रेडियो भनेकै रेडियो नेपाल मात्र हो भनेर चिन्दथे । २००७ सालमा बिराटनगरमा स्थापना भई सिंहदरबार काठमाडौं सारिएको प्रजातान्त्रिक रेडियो नै अहिलेको रेडियो नेपाल हो । जसलाई हामीले सानो उमेरदेखि नै सुन्दै आइरहेका थियौं, छौं ।

तर, अढाई दशकअघि एउटा क्रमभंगता भयो । रेडियो नेपालको मात्रै आधिपात्य रहेको नेपाली रेडियो तरंगमा निजी क्षेत्रबाट पनि पहिलो पटक काठमाडौंमा रेडियो सगर माथा खुल्यो र निजी क्षेत्रबाट पहिलोपटक नेपाली रेडियो तरंगमा आमजनताको स्वर बज्न थाल्यो । त्यसो त रेडियो नेपालमा कार्यक्रम चलाउन, कार्यक्रमभित्रको पात्र बन्न कि त निकै प्रतिभाशाली हुनुपर्थ्यो, कि त राजदरबारका मान्छे हुनुपर्थ्यो कि त सरकारका नजिक मान्छेहरु हुनुपर्थ्यो । यसरी २०५४ सालमा नेपाल वातावरण पत्रकार समूहमार्फत पहिलोपटक रेडियो तरंगमा निजी क्षेत्रले चालेको पाइलाले थप सार्थकता पाउँदै गर्दा देशभर रेडियो खुल्ने अभियान सुरु भयो । रेडियोको इतिहाँस सम्झँदा मकवानपुरको हेटौंडाको नाम छुटाउन मिल्दैन । व्यवसायिक रुपमा पहिलोपटक मकवानपुरको हेटौंडास्थित मनकामना एफएम र पूर्वको कोशी एफएम निजी क्षेत्रका पहिलो व्यवसायिक रेडियोको रुपमा इतिहाँसमा दर्ज छ । यद्यपि आज हामी निजी क्षेत्रको रेडियोबारे यसरी खुला छलफल गरिरहँदा हेटौंडाको मनकामना एफएम बन्द भइसकेको छ । तत्कालीन नारायण अञ्चलमै हलचल ल्याएको मनकामना एफएम् बन्द भएपछि सुरु भएको रेडियो अभियानले अहिले मकवानपुरमा मात्रै रेडियोको संख्या १७ पुग्नै लागेको छ ।

### सामुदायिक रेडियो र व्यवसायिक रेडियोबीच फरक

आम मानिसहरुले रेडियो सेटमा सुन्ने गरेका सबै रेडियो स्टेशनलाई एकै रुपमा लिन्छन् । उनीहरुको उद्देश्य रेडियोबाट जानकारी, सूचना, शिक्षा, मनोरन्जन हासिल गर्नु हो । जुनसुकै रेडियो स्टेशनबाट ती कुराहरु प्राप्त गर्न सकिन्छ भन्ने आम पाठकको बुझाई छ । नेपालमा प्रचलित राष्ट्रिय प्रसारण ऐन २०४९ अन्तर्गत दर्ता भएका रेडियो स्टेशनहरु सरकारको दृष्टिकोणका हिसावले एकै हो भन्ने परिभाषा लाग्न सक्छ । तर, सारकुरा त्यसो होइन । निजी क्षेत्रको भनिएपनि गैरनाफामुखी ढंगले स्थापना गरिएका र समुदाय केन्द्रित रेडियोको रुपमा सामुदायिक रेडियोको परिभाषालाई हामीले भुल्नुहुँदैन । सामुदायिक रेडियोहरु नाफाको सिद्धान्तमा हुँदैनन्, उनीहरु आम समुदायको मुद्दा, सामान्य मानिसको रेडियोमा पहुँचबृद्धि, स्थानीय कृषि, पशु, शिक्षा र सामुदायिक विकासका सबालहरु समाचारका रुपमा, रेडियो कार्यक्रमका रुपमा, नाटकका रुपमा, जिंगलका रुपमा प्रसारण गरिरहन्छन् । अर्थात अझ सरल ढंगले भन्नुपर्दा सामुदायिक रेडियो बजार (पुँजी) केन्द्रित हुँदैनन् । नाफा कमाउने उद्देश्य नरहेपछि बजारमा पुजीकेन्द्रित रहेर निर्माण गरिएको भद्दा रेडियो सामग्रीहरु प्रसारणमा यी रेडियोहरुले प्रसारणमा बन्देज लगाउन सक्छन् भने गाउँमा बाखा हराएको वा खोप अभियान चलाउने बिषयलाई प्राथमिकता दिन्छन् । त्यसैले निजी क्षेत्रभित्र पनि व्यवसायिक रेडियोभन्दा सामुदायिक रेडियोको महत्व यसरी बुझ्नुपर्दछ । त्यसैले सामुदायिक रेडियोका पत्रकार समाज, समुदाय, पछाडि पारिएका बर्गको अधिक रुपमा प्रतिनिधित्व गर्छन् भन्नेमा हामी स्पष्ट हुनुपर्छ ।

### मकवानपुरमा रेडियोको अबस्था

मकवानपुरको पहिलो सामुदायिक रेडियो पालुङ हो । उत्तरी क्षेत्रको थाहानगरमा रहेको यो रेडियोको इतिहाँस निकै नै लामो छ । गाउँको एउटा अग्लो डाँडामा राखिएको माइक, एम्लीफायर र एउटा कोठा व्यवस्थापन गरी निर्माण गरिएको अस्थायी स्टुडियोको यात्राबाट अहिलेको आधुनिक रेडियोमा बिस्तार भएको रेडियो पालुङ मकवानपुरको सामुदायिक रेडियोको पिता नै मान्नुपर्छ । बिहान उठ्ने बित्तिकै गाउँघरबाट संकलित समाचारलाई माइकमार्फत समाचार बाचकले सुनाउने र माइकमा सुनेको समाचार चियापसल, चौतारीहरुमा बिहानपख ध्यान दिएर सुनेर समुदायले फाइदा लिने त्यो मोडललाई 'अडियो टावर' भनिन्थ्यो । पालुङ बहुद्देश्यीय सहकारी संस्थाले अगुवाई गरेको त्यही अडियो टावरबाट सुरु भएको मकवानपुरको सामुदायिक रेडियोको यात्रा अहिले बृहद् बनेको छ । मकवानपुरमा अहिले रेडियो पालुङ, रेडियो मकवानपुर, रेडियो शक्ति एफएम, रेडियो मनहरी एफएम, रेडियो इन्द्रसरोबर, रेडियो निकास, रेडियो सन्देश र रेडियो झुरझुरे अस्तित्वमा छन् । यसो भनिरहँदा मकवानपुरमा रहेको सामुदायिक रेडियो हालसम्म बन्दको सूचिमा छैनन्, जसोतसो सञ्चालन भइरहेको खुसीको सञ्चार यहाँ प्रस्तुत गरिरहँदा व्यवसायिक रेडियोहरु मनकामना एफएम (हेटौंडा), नेशनल एफएम (हेटौंडा), रेडियो आवाज (पालुङ) र प्रतिध्वनी एफएम (पालुङ) पूर्ण रुपमा बन्द भइसकेको अबस्था छ ।

### सामुदायिक रेडियोका समस्या

सामुदायिक रेडियो आफैमा समुदायको अगुवा रहेपनि यसले समाजबाट उचित साथ, सहयोग, सम्मान पाउन नसकेको अबस्था छ । त्यसका लागि सामुदायिक रेडियोहरु पनि जिम्मेवार छन् । उनीहरुले सामुदायिक भूमिका निर्बाह गर्ने सकेनन् कि ? बजारकेन्द्रित हावातिरै सामुदायिक रेडियोहरु बगे कि ? भन्ने प्रश्न हामीतिरै तेर्सिन्छ । यो प्रश्नको जायत जबाफ कामबाट हामीले दिन सकेनौं भने हामी र समुदायको सम्बन्ध सकिन्छ र हामी अरु रेडियोभन्दा फरक हुन सक्दैनौं । त्यसैले पहिलो कुरा त हामीले सामुदायिक आवाज बनाउन सक्यौ कि सकेनौ ? पछाडि पारिएका बर्ग, समाज, समुदाय, जाति, परिबेशको प्रतिनिधित्व हामीले गर्न सक्यौ कि सकेनौं भनेर आफूलाई समिक्षा गरेर जानुपर्ने आवश्यकता छ ।

त्यसका अलावा पछिल्लो समय रेडियो सुन्ने स्रोताहरु घट्दै जानू, अनलाइन प्रविधिको विकास हुनु र हामी स्वयम् त्यो प्रविधिमा अभ्यस्त नहुनूले पनि सामुदायिक रेडियोहरुलाई चुनौति बढ्दो क्रममा छ । कोरोना संक्रमणपछि थिलो थिलो भएको बजारबाट सोचेजस्तो विज्ञापनहरु प्राप्त हुन नसक्नु, स्थानीय सरकारहरुबाट पनि उचित साथ र सहयोग नपाइनु लगायतका कारण रेडियोहरु आर्थिक संकटमा छन् । रेडियोमा काम गर्ने पत्रकारहरु पलायन भइरहेको अबस्था छ । उनीहरुको पेशागत सुरक्षा एकातर्फ चुनौति बनिरहँदा आर्थिक सुरक्षाको सबाल पनि प्रखुख रुपमा आएको छ ।

### अबको बाटो

अब सामुदायिक रेडियोहरुको एकता जरुरी छ । मकवानपुरमा रहेका ८ वटा सामुदायिक रेडियोको एकताले नै सामुदायिक रेडियोको अर्थ, औचित्य पुष्टि गर्नुपर्ने देखिन्छ । सामुदायिक रेडियोहरुको छाता संगठन केन्द्रीय रुपमा र प्रादेशिक रुपमा स्थापना भएपनि सामुदायिक रेडियोहरुले आर्थिक, भौतिक र सैद्धान्तिक रुपमा त्यसको पूर्ण रुपमा अनुभूत गर्न नपाएको तीतो सत्यलाई पनि हामीले नकार्नु हुन्न । यद्यपि, स्थानीय स्तरमै सामुदायिक रेडियो प्रसारक संघलाई मजबुत बनाए लैजाने, मकवानपुरका १० वटै स्थानीय तहसँग समन्वकारी भूमिका निर्बाह गरी सामुदायिक कार्यक्रमहरुको उत्पादन, प्रसारण, बिषय उठानलाई ध्यान दिने, उनीहरुबाट आर्थिक सहायता प्राप्त गर्ने कुरालाई अबको बाटो बनाएर अघि बढ्नुको बिकल्प छैन । अर्को तर्फ मकवानपुर बागमती प्रदेशको राजधानी भएको जिल्ला पनि हो ।

त्यसर्थ प्रदेश सरकारबाट प्राप्त हुने सहायतालाई यस संस्थाले अधिकतम रुपमा अपनाएर जानुपर्छ र त्यसको अगुवाई गर्नुपर्छ भन्ने कुरामा हामी दृढ भएर लाग्नुपर्छ । हेटौंडा जस्तो औद्योगिक क्षेत्र रहेको सहर, निजी क्षेत्रको समेत राम्रै आर्थिक कारोबार भएको सहर भएकाले निजी क्षेत्रलाई समेत अँगालेर जानुपर्ने अर्कोतर्फको पाटो छ । त्यसो भएमा रेडियो र सरकार हरुबीचको समन्वय, निजी क्षेत्रसँगको सहकार्यतालाई हामीले सहज बनाउन सक्छौं ।

# 'विषादीबारे चेतना छैन, नियमनको संयन्त्र छैन'

महेशचन्द्र आचार्य
*वरिष्ठ बाली संरक्षण अधिकृत, प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र*

तथ्यांकहरूले पुष्टि गर्छन्, नेपालमा हानिकारक विषादीको प्रयोग बढ्दै गएको छ । हाम्रो खेती प्रणाली विगतमा जस्तो छैन । यसमा आएको परिवर्तनले विषादीको प्रयोग बढेको छ । व्यावसायिक खेती बढ्दै जाँदा उन्नत जातको खेती मार्फत उत्पादन बढाउँदा विषादीको प्रयोग अत्यधिक बढ्नु अस्वाभाविक पनि होइन ।

विकसित मुलुकहरु खासगरी दक्षिण एशियाका अन्य देशको तुलनामा नेपालमा वार्षिक विषादी प्रयोगको मात्रा कमै देखिन्छ । तर, विषादी प्रयोगको असुरक्षित विधि र गलत व्यवस्थापनले स्वास्थ्य जोखिम र मानवीय क्षति भने हाम्रो जस्तो मुलुकमा अधिक देखिन्छ । नेपालमा अहिले सरदर प्रतिहेक्टर ३९६ ग्राम प्रतिहेक्टर विषादी प्रयोग हुने गरेको पाइन्छ भने तरकारी बालीमा भने १.६ केजी प्रतिहेक्टर रहेको देखिन्छ । यो तथ्यांकसमेत अद्यावधिक हुन सकेको छैन ।

जीविकोपार्जनका लागि गरिने परम्परागत खेती छोडेर मानिसहरू शहरकेन्द्रित हुँदै गएपछि पहाडका जमिन बाँझो हुँदै गएको छ । यता शहर र सुविधा केन्द्रित क्षेत्रमा तरकारी लगायत व्यवसायिक खेती बढिरहेको छ । यसको अर्थ हो, सर्वसाधारणले आफ्नो लागि घरको करेसाबारी र रछ्यानमा घरमै उत्पादित प्राङ्गारिक मल प्रयोग गरेर खेती गर्ने कुरा घट्दै गएको छ । हालैका दिनमा शहरी क्षेत्रमा कौसी खेती विस्तार हुँदै गएको भएता पनि पारिवारिक आवश्यकता पूरा गर्न कठिन छ भने शहरमा बढेको जनसंख्यालाई कृषि उपजको आवश्यकता पूरा गर्न व्यावसायिक खेती बढिरहेकै छ । हालैका वर्षहरुमा समग्र तरकारी उत्पादन देशका लागि आत्मनिर्भर उन्मुख देखिन्छ ।

उन्नत तथा विशेगा गरी हाइब्रिड जातका बिउहरुको प्रयोग सँगसँगै खेतीका कारण रासायनिक मल र विषादीको प्रयोग बढेको छ भने बजार केन्द्रित व्यवसायका कारण सम्भावित हानि-नोक्सानीबाट जोगिन पनि रासायनिक मल र विषादीको प्रयोग बढेको छ । विषादीको प्रयोग विकसित देशमा पनि हुन्छ तर हाम्रोमा जस्तो जथाभावी र अनियन्त्रित रुपमा प्रयोग हुँदैन । विषादीजन्य दुर्घटना पनि अत्यन्त न्यून हुने गर्दछन् ।

व्यावसायिक खेतीमा विषादीको प्रयोग गर्न पनि पर्छ तर कुन बालीमा कुन विषादी प्रयोग गर्ने, कुन शत्रुजीवको व्यवस्थापनका लागि विषादी प्रयोग गर्ने, कतिमात्रामा प्रयोग गर्ने, विषादी प्रयोगमा सुरक्षा कसरी अपनाउने भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ ।

उदाहरणका लागि दक्षिण कोरियामा वार्षिक १५ किलो प्रतिहेक्टर विषादी प्रयोग गरिन्छ । त्यो तुलनामा हामीकहाँ विषादीको प्रयोग दर निकै कम छ । तर विषादीका कारण हुने क्षति र दुर्घटनाहरुको संख्या नेपालमा धेरै छ । यसको अर्थ हामीले विषादीको सही उपयोग गर्न सकिरहेका छैनौं भन्ने नै हो ।

यावत् अवस्थाका बीच समग्र कृषि र कृषि प्रसार क्षेत्र संघीयता पछि थप अव्यवस्थित बन्दा विषादी व्यवस्थापनका संयन्त्र नतिजा दिनेसक्ने अवस्थामा पुगेका छन् । प्राविधिक हिसाबले कृषिका संरचनामा संघीयता व्यवस्थापन नहुँदा कृषि प्रसार, नियमन र योजना तर्जुमामा असन्तुलन पैदा भएको छ ।

विषादीको प्रयोग बढ्यो भन्नुको अर्थ विषादी आयात पनि बढ्नु हो । आधिकारिक रुपमा पैठारी भएको विषादीको परिमाण पनि विगत १० वर्षमा झण्डै तीन गुणाले वृद्धि भएको देखिन्छ । अर्कोतर्फ हामी खुल्ला सिमानामा छौं, जसका १७१ नाकामध्ये ४१ वटामा मुख्य भन्सार कार्यालय र १३० छोटी भन्सार कार्यालय छन् । तिनमा प्लान्ट क्वारेन्टाइन कार्यालयको संख्या १५ वटा मात्रै छन् । १५६ वटा नाकामा प्लान्ट क्वारेन्टाइनको निगरानी, चेकजाँच र उपस्थिति नै छैन ।

अर्कोतर्फ नेपालबाट कुनै पनि वस्तु निर्यात गर्दा १० भन्दा नाकाहरुबाट मात्र सम्भव छ, अन्यमा छैन । यसको फलस्वरुप विरुवाजन्य सामग्री तथा विषदी आवश्यक कानुनी प्रक्रियाविना पैठारी भइरहेको छ, जसमा सम्बन्धित निकायको निगरानी हुन सकेको छैन । यसले नेपाली कृषकहरुलाई कृषि क्षेत्रबाट पलायन हुन प्रोत्साहन गरेको छ किनकी भारतीय उत्पादनहरुसँग प्रतिस्पर्धी क्षमता हाम्रा कृषकहरुमा छैन ।

मूल नाकामा हामी छौं तर खुला बोर्डरको छेउबाट नेपाल र भारतमा प्रतिबन्धित तर भारतमा उत्पादन भएर निर्यात हुनसक्ने विषादीहरू आयातको जोखिम रहन्छ । यसमा बीउ र विषादी दुवै पर्छन् । प्लान्ट क्वारेन्टाइन र विषादी व्यवस्थापनमा राज्यको भूमिका कमजोर भएको छ । राजश्वमा आधारित अर्थतन्त्रमा निर्यात व्यापार प्रोत्साहनको कुराले प्राथमिकता पाउन सकेको छैन र पैठारी व्यापारमा आर्जन हुने राजश्वप्रति राज्य संयन्त्र लालायित छ ।

अहिलेकै संरचना र अवस्थामा हामीले मात्रै विषादी व्यवस्थापन र नियमन गर्न सम्भव पनि छैन । किनकी सम्बन्धित जिल्लास्तरमा विषादी व्यवस्थापनको जिम्मेवारीमा रहने विषादी निरीक्षकका अधिकांश पदहरु रिक्त छन् । अर्कोतर्फ प्रदेशस्तरमा विषादी व्यवस्थापनका लागि प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन निर्माण हुन सकेको छैन ।

विषादी प्रयोगको व्यवसायीक कृषि तथा जलवायु परिवर्तन सँगसँगै बढ्यो तर हामीले विषादीको उपयुक्त विकल्प दिन सकेनौं । एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम हाल आएर अभिभावकविहीन जस्तै बन्न पुगेको छ, जुन कार्यक्रमले समग्र कृषक समुदायमा शत्रुजीव व्यवस्थापनका लागि क्षमता विकास लगायत प्रविधि प्रसारको महत्वपूर्ण बाहकको रुपमा स्थापित भइसकेको थियो ।

उक्त कार्यक्रमलाई नियमन, पृष्ठपोषण र अनुगमन गर्ने व्यवस्थित संयन्त्रको अभाव खड्किएको छ । राज्यको व्ययभार घटाउने नाममा आवश्यक संघीय संयन्त्रहरु तथा संघीय सरकारको क्षेत्राधिकार भित्र पर्ने नियमनकारी निकायहरुलाई यथोचित स्थान दिन नसक्नु र अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरुपका प्रतिबद्धताहरु पूरा गर्न नसक्दा निर्यात व्यापार खुम्चिँदै गएको छ । प्रमाणीकरण गर्ने निकायहरु प्राविधिक पुष्ट्याइँ तथा वैज्ञानिक आधार विना कार्य गर्नुपर्दा निर्यात हुने वस्तुहरुको गुणस्तर प्रमाणीकरणमा चुनौतीहरु देखिएका छन् । विषादी अवशेषका कारण निर्यात व्यापारमा समेत व्यवधानहरु देखिएका छन् ।

यो बेला कृषि प्रसार शिक्षा फैलाउनु पर्नेमा हामी झनै खुम्चिएका छौं । यसमा सुधार गर्नुपर्ने देखिन्छ । अन्यथा अझै विषादी प्रयोग हुने र विषादीजन्य दुर्घटनाहरुको जोखिम बढ्नेछ ।

हाम्रा विद्यमान संयन्त्रका क्षमताले भ्याएसम्म विषादीको गलत प्रयोग निरुत्साहित गरिरहेका छौं । प्रतिबन्धित विषादी बिक्री-वितरण गरेको पाइएपछि कारबाही गरिएको छ । त्यस्तै अर्को कम्पनीले मलको नाममा विषदीयुक्त सामग्रीको कारोबार गरेको पाइएपछि कारबाहीको क्रममा छ ।

गलत विषादीको प्रयोग रोक्न, सचेतना दिन, यसबारे थाहा पाउन र विषादी प्रयोगमा पर्याप्त परामर्श तथा सूचनाका लागि देशभरको संयन्त्र नै अहिले कमजोर अवस्थामा रहेको छ । विषादी आयात, बिक्री, प्रयोग लगायत विषयमा निश्चित मापदण्ड छ । यसलाई अनुगमन र परिपालनाका लागि सरकारी जनशक्ति पर्याप्त छैन । संघीय संरचना पूर्व प्रत्येक जिल्लामा एक जना विषादी निरीक्षकको दरबन्दी हुन्थ्यो, जसले केन्द्रको प्रत्यक्ष समन्वयमा रही जिल्लाको विवरण, बाली संरक्षण प्रसार सेवा, विषादी व्यवस्थापन र अनुगमन संयन्त्रको नेतृत्व लिने अवस्था थियो ।

तर, अहिले यस्तो जनशक्ति मुस्किलले प्रदेशमा बढीमा २-४ जना यस्ता जनशक्ति छन् । अहिले कर्णाली प्रदेशमा एक जना, मधेशमा २ जना विषादी निरीक्षक छन् भने कुनै प्रदेशमा त विषादी निरीक्षक नै छैनन् ।

भएका विषादी निरीक्षक सेवानिवृत्त भए । पालिकाका प्राविधिकले यो विषयमा कार्य गर्ने क्षमता तथा कानुनी व्यवस्थासमेत छैन । कृषि ज्ञान केन्द्र तथा पालिका स्तरका कृषि प्राविधिकहरुलाई अनुदान वितरणमा अल्झाउनुको सट्टा प्रविधि प्रसार, तालिम, क्षमता विकासका कार्यमा प्राथमिकता दिई परिचालन गर्न आवश्यक देखिन्छ । प्राविधिक पृष्ठपोषण र समन्वयको आधिकारिक संयन्त्रको अभावमा विषादी प्रयोगमा बिक्रेता र किसान मात्रै छन् ।

यसको व्यवस्थापनका लागि पूर्वाधारमा लगानी र दक्ष जनशक्ति बढाएर अध्ययन अनुसन्धान र नियमन बढाउन जरुरी छ । किसानलाई पनि सुरक्षित विषादी प्रयोगमा चेतना फैलाउन र सिप विकास गर्न प्राथमिकताका साथ अगाडि बढ्नुपर्ने देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# क्रिकेटको केन्द्रीय व्यवस्थापनमा आए पारस

काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान) को अधिवेशनले शनिबार नयाँ कार्यसमिति चयन गर्दा अध्यक्षमा चतुरबहादुर चन्द नै दोहोरिएका छन् भने सचिवमा पूर्वखेलाडी पारस खड्का निर्वाचित भएका छन् ।

अध्यक्षमा चन्द, उपाध्यक्षमा रोशनकुमार सिंह र कोषाध्यक्षमा पदमबहादुर खड्का निर्विरोध निर्वाचित हुँदा सचिवमा भने चुनाव भयो । पारस खड्का र निवर्तमान कार्यबाहक सचिव प्रशान्तबिक्रम मल्लले चुनावी प्रतिस्पर्धा गर्दा खड्का ४८ मत पाएर निर्वाचित भए । मल्लले ३७ मत पाए ।

१७ सदस्यीय कार्यसमितिमा पदाधिकारीबाहेक ३ सदस्य निर्विरोध निर्वाचित भए भने १० जना चुनावबाट निर्वाचित भए । महिला सदस्यमा जयन्तीदेवी भट्ट, कर्णालीबाट प्रतिनिधित्व गर्ने सदस्यमा श्रीधर केसी र लुम्बिनीबाट प्रदीप मजगैया निर्विरोध चयन भए भने अरु प्रदेशका सदस्य र खुला ५ पदमा चुनाव भयो ।

जसमा कोशीबाट अर्जुन पौडेल ४७, गण्डकीबाट सुदीप शर्मा ५२, बागमतीबाट दिवाकर घले ४६,र सुदूरपश्चिमबाट बिक्रम विष्ट ४९ मत पाएर निर्वाचित भए । मधेशका माधवकुमार कर्माचार्य र मोहम्मद दाउद अन्सारीले बराबर ४२ मत पाएपछि गोलाप्रथा गर्दा माधवकुमार कर्माचार्य चुनिए ।

खुला सदस्यमा धीरेन्द्र साउद ५९, दुर्गाराज पाठक ५४, आयुष श्रेष्ठ ५१, वीरेन्द्र चन्द ३४ मत ल्याएर निर्वाचित भए । करण महतरा क्षेत्री र ऋषिराम गौतमले बराबर २६ मत पाएपछि गोला प्रथा गर्दा करण चुनिए ।

चार वर्षे कार्यकालका लागि अध्यक्षमा दोहोरिएपछि चन्दले आफूलाई जिम्मेवारी थपिएको बताए ।



'जिम्मेवारी थपिएको छ । टेष्ट क्रिकेटको सपना बोकेका छौं । त्यो सपना पूरा गर्न पनि आएको हुँ, नेपाली क्रिकेट अब एक स्तर माथि जान्छ', उनले भने ।

चन्द अघिल्लो कार्यकालमा अध्यक्ष निर्वाचित हुँदा पारस नेपाली क्रिकेट टिमको कप्तान थिए । क्यान निर्वाचित भएको केही समयपछि नै पारसले राष्ट्रिय टिमको कप्तानबाट राजीनामा दिएका थिए । उनको राजीनामालाई धेरैले चन्दको नेतृत्वप्रति असहमतिको रुपमा बुझेका थिए । चार वर्षपछि नै पारस चन्दसँग सहकार्य गर्ने अवस्थामा आइपुगेका छन् ।

पारसबारे चन्दको टिप्पणी छ, 'पारस धेरै आइडिया भएको मान्छे हो, सफल कप्तान हो । उसले क्रिकेटलाई नजिकबाट बुझेको छ ।'

**पारसको दोस्रो इनिङ्स**

नेपाली क्रिकेट टिमका सफल कप्तान र खेलाडी हुन् पारस । उनको कप्तानीमा नेपालले पहिलो पटक विश्वकप खेल्यो । उनी खेलको मैदानमा जति सफल भए व्यवस्थापन क्षेत्रमा प्रवेशको सुरुवातमा पनि उनले सफलता हात पारे । पहिलो प्रयासमै जिल्ला क्रिकेट संघ काठमाडौंको सदस्य बनेका उनी बागमती प्रदेश अध्यक्षमा निर्वाचित भए र शनिबार क्यानको सचिव नै बन्न सफल भए ।

'मेरो लागि नयाँ यात्रा हो । मेरो एउटै लक्ष्य हो कि, नेपाल क्रिकेट संघ यो भन्दा अझै माथिल्लो स्तरमा पुग्नुपर्छ', सचिवमा निर्वाचित भएपछि उनले भने । आफूले खेलाडी हुँदा नेपाल क्रिकेटमा देखिएका समस्या समाधानमा केन्द्रित हुने पनि पारसले बताए ।

'सबैभन्दा समस्या भनेको घरेलु टिमको संरचनामा हो । कप्तान हुँदा पनि मैले यस विषयमा धेरै प्रश्न उठाएको थिएँ । अहिले सचिव भएपछि एउटा मात्र सोच भनेको घरेलु क्रिकेटको संरचना फेर्नुपर्छ । जिल्ला र प्रदेशलाई धेरै बलियो बनाउनुपर्छ', उनले भने ।

आफूले खेलाडीका रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा धेरै सम्बन्ध बनाएको भन्दै क्यानको सचिवका रुपमा त्यस सम्बन्धको उपयोग गर्ने बताए । त्यो सम्बन्ध आर्थिक साझेदारी वा खेलका रुपमा हुन सक्ने उनको भनाइ छ ।

विगतमा खेल जितेर आउँदा क्रिकेट टिमको वाहवाही हुने र हार्दा मात्र क्रिकेट संघ, सरकारको कमजोरीबारे चर्चा हुने गरेको भन्दै पारसले क्रिकेट टिमजस्तै क्रिकेट संघको पनि वाहवाही हुने बनाउनुपर्ने बताए । क्रिकेट संघको मुख्य काम खेलाडीको भविष्य सुनिश्चित गर्नु रहेको पारसको भनाइ छ ।

अब क्रिकेट संघलाई निश्चित विधि र पद्धतिमा हिँडाउनुपर्ने पनि पारसले बताए । 'नेपाली क्रिकेट साँच्चिकै अगाडि बढाउने हो भने क्रिकेट संघले कार्यविधि बनाउनुपर्‍यो र म लगायत सबै पदाधिकारीहरु त्यही कार्यविधि अनुसार चल्नुपर्‍यो', उनले भने ।

आफू क्यान कार्यसमितिमा निर्वाचित हुँदैमा क्रिकेटमा परिवर्तन नहुने भन्दै उनले आफ्नो तर्फबाट भने शत प्रतिशत काम गर्ने विश्वास व्यक्त गरे ।

'पारस खड्का आएर मात्र क्रिकेट परिवर्तन हुने होइन, पारस खड्काले आफ्नो भूमिका निर्वाह गर्न जसरी खेल जीवनमा जीउ ज्यान लगाएको थियो, त्यही अनुरुप आफ्नो समय मनस्थिति र विचारलाई टिममा कन्भर्ट गरेर, संघ पदाधिकारी, प्रदेशका पदाधिकारी, जिल्लाका पदाधिकारीहरुसँग समन्वय गरेर क्रिकेटको स्ट्रक्चर बनाएर अगाडि बढ्ने हो भने केही परिवर्तन हुनेछ', उनले भने ।

पारसले अहिले क्यानको मुख्य ध्यान नेपालले आयोजना गर्ने एसीसी टी-२० विश्वकप एसिया क्षेत्र छनोट खेल रहेको बताए । उक्त खेलबाट नेपाललाई पुन विश्वकप पुर्‍याउनुपर्ने उनले बताए । 'पहिलो प्राथमिकतामा एसीसी ट्रफी नेपालमा नै आयोजना हुँदैछ । अहिले पुन नेपाललाई अर्को पटक विश्वकपमा पुर्‍याउनुपर्‍यो । त्यसपछि जिल्ला र प्रदेशको संरचना बलियो बनाउनुपर्छ' उनले भने ।

अघिल्लो कार्यकालका कोषाध्यक्ष र यसपटक उपाध्यक्षमा निर्विरोध निर्वाचित भएका रोशन कुमार सिंहले आफू काम गर्ने मान्छे भएकाले पदले फरक नपार्ने बताए । 'काम गर्ने मान्छे हुँ । काम गर्न आएको हुँ, मलाई पदले फरक पार्दैन', उनले भने ।

कोषाध्यक्षमा निर्विरोध चयन भएका पदमबहादुर खड्काले क्यानमा पारदर्शिता ल्याउने बताए । 'अब क्यानमा सक्दो पारदर्शिता ल्याउने कोशिस गर्नेछौं', उनले भने ।

महिला सदस्यको रुपमा निर्विरोध दोहोरिएकी जयन्ती देवी भट्टले आउँदो अधिवेशनबाट क्यानमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने बताइन् । 'आउँदो साधारण सभामा म कार्यसमितिमा ३३ प्रतिशत महिलाको बारेमा कुरा उठाउनेछु । सबैभन्दा महत्वपूर्ण कुरा म महिला खेलाडीको हकहितको बारेमा क्यानमा कुरा उठाउनेछु', उनले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# स्क्रिप्टमा चित्त नबुझेसम्म फिल्म गर्न हतार गर्दिनँ : अनमोल केसी

काठमाडौं/यस वर्ष सुदर्शन थापाको 'रावायण' र सुयोग गुरुङको 'फर्की फर्की' गरी दुई फिल्ममा काम गर्ने योजनामा रहेका अभिनेता अनमोल केसीले आफूलाई स्क्रिप्ट चित्त नबुझेसम्म फिल्म गर्न हतार नगर्ने बताएका छन् । उनले शनिबार फेसबुकमा स्टाटस लेख्दै अब आफ्नो एकमात्र ध्यान प्रोजेक्ट कसरी राम्रो हुन्छ भन्नेमा रहेको र यसका लागि आफू कुनै प्रकारको दबाब र हतारको प्रभावमा नपर्ने दाबी गरेका छन् ।



उनले लेखेका छन्, 'म कुनै पनि प्रोजेक्टमा आबद्ध हुँदा कसैको निहित व्यक्तिगत स्वार्थमा उपयोग नहुँ भन्नेमा निक्कै गम्भीर छु, त्यसैले मैले अब फिल्म गर्दा जबसम्म स्क्रिप्टमा मेरो पूर्ण चित्त बुझाइ हुँदैन तबसम्म फिल्म गर्न हतार गर्ने छैन चाहे यसका लागि विलम्ब नै किन नहोस्, अबको मेरो एकमात्र ध्यान भनेको प्रोजेक्ट कसरी राम्रो हुन्छ भन्ने हो, यसका लागि अब ममाथि कुनै प्रकारको दबाब वा हतारको प्रभाव हुन्न र हुन दिनेछैन भन्नेमा म दृढ भएको छु ।'

आफूले यति गर्न सकेको खण्डमा मात्र सच्चा कलाकार ठहरिने उनको विश्वास छ । यसले आफूलाई व्यक्तिगतसँगै निर्माताहरुलाई पनि राम्रो हुने उनको धारणा छ । आफूले मेकरको लगानी सुरक्षालाई उत्तिकै ध्यान दिने गरेको बताउँदै उनले आफूमाथिको लगानी केवल आर्थिक अंकगणित मात्र नभएर एउटा व्यावसायिक विश्वास पनि रहेको र त्यो भंग हुन नदिने अठोट व्यक्त गरेका छन् । यो कुरा आफ्नो अब आउने प्रोजेक्टहरुमा लागू हुने उनले स्पष्ट पारेका छन् ।

अनमोलको यो स्टाटस 'रावायण'का मेकरप्रति लक्षित हुनसक्ने आँकलन गरिएको छ । निर्देशक थापा असोज दोस्रो हप्ताबाट फिल्मको छायांकन सुरु गर्ने योजनामा छन् । तर, अनमोलले फिल्ममा दोहोरो भूमिका रहेकाले पूर्वतयारीका लागि समय मागेको बताइएको छ । जसले गर्दा टिमभित्र असमझदारी उत्पन्न भएको चर्चा छ । र, यही समयमा अनमोलको स्टाटस आउनुले बजारको चर्चामा बल पुर्‍याएको छ ।

# 'पशुपति प्रसाद २' गीत : स्वस्तिमाको प्रेममा भष्मे डन

काठमाडौं/बडा दशैंको अवसर पारेर आगामी फूलपाती अर्थात् कात्तिक ४ गतेबाट प्रदर्शनमा आउन लागेको दीपेन्द्र के. खनालद्वारा निर्देशित फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को दोस्रो गीत युट्युबमा सार्वजनिक गरिएको छ । 'प्रेम शरणम्' बोलको रोमान्टिक गीतमा कालीप्रसाद बाँस्कोटा र स्वस्तिका ढकालको स्वर छ भने सुशील पौडेल र कृष्ण भारद्वाजको शब्द तथा कृष्ण स्वयंको संगीत छ ।



पशुपति क्षेत्रमा छायांकन गरिएको गीतमा अभिनेता विपिन कार्की उर्फ भष्मे डन र अभिनेत्री स्वस्तिमा खड्का प्रस्तुत छन् । गीतले उनीहरुको प्रेमभाव बोल्छ । प्रविन सिंहको कोरियोग्राफी रहेको गीतमा भष्मे डन स्वस्तिमाको कल्पनामा डुबेको देखाइएको छ । अघिल्लो श्रृंखलामा भष्मे डनको लभ एङ्गल प्रस्तुत गरिएको थियो । यसपटक स्वस्तिमासँग जोडी बाँधिएको संकेत यो गीतले गर्छ ।

खगेन्द्र लामिछानेको लेखन तथा निर्माण रहेको फिल्ममा विपिन र स्वस्तिमासँगै सौगात मल्ल, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल, संजोग रसाइलीलगायतको अभिनय छ । खगेन्द्र लामिछाने र वर्षा सिवाकोटीको विशेष भूमिका रहेको फिल्मको एक गीतमा अभिनेत्री आँचल शर्माले नृत्य गरेकी छन् ।

फिल्ममा निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, दीर्घ खड्काको सम्पादन, किरण भुषाल, कृष्ण भारद्वाज तथा सुभाष भुषालको संगीत छ । पशुपति प्रसाद चरित्रको मृत्युपछि पशुपति क्षेत्रमा अस्तित्व स्थापित गर्न संघर्षरत भष्मे डनको जीवनमा एउटा पात्रको प्रवेशपश्चात् सुरु भएको परिचय र आत्मसम्मानको लागि गर्ने शक्ति संघर्षको कथामा फिल्म केन्द्रित रहेको जनाइएको छ ।

# यी हुन् सरकारी कार्यदलले औंल्याएका ऊर्जा क्षेत्रका समस्या

काठमाडौं/सरकारले मुलुकको ऊर्जा क्षेत्रको विकास क्रमश: भइरहेपनि अपेक्षित रुपमा प्रगति हुन नसक्नुका पछाडि रहेका समस्याहरुको पहिचान गरेको छ ।

ऊर्जा संरचनाको विकासका प्रर्याप्त आन्तरिक पुँजीको व्यवस्था तथा परिचालन हुन नसक्नु र बहुपक्षीय निकायलगायत अन्य क्षेत्रबाट प्रर्याप्त मात्रामा लगानी भित्र्याउन नसक्नुलाई सरकारले प्रमुख समस्याको रुपमा चित्रण गरेको छ । यस्तै, वातावरणीय अध्ययन, वन उपयोग तथा जग्गा प्राप्तिसम्बन्धी कार्य सरल तथा सहज नहुनलाई पनि चुनौतीको अर्को पक्षका रुपमा अर्थ्याएको छ ।

प्रसारण तथा वितरण प्रणाली विकासका अन्तर निकाय समन्वयको कमी हुनु, प्रसारण लाइन र सवस्टेशनको निर्माणमा जग्गा अधिग्रहण, क्षतिपूर्ति तथा प्रसारणमार्ग प्राप्तिमा सहजता नहुनु, प्रक्रियागत रुपमा ढिलाइ हुनुलाई पनि समस्याका रुपमा चित्रण गरेको छ ।

तोकिएको समयभन्दा बढी समय लाग्नु, लागत बढ्नु र परियोजनाबाट प्राप्त हुने लाभ क्रमश: घट्दै जाने अवस्थाको सिर्जना भएको छ ।

निर्माणाधीन प्रसारण लाइन सम्पन्न हुन १३ वर्षसम्म लाग्ने गरेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मन्त्रीस्तरीय निर्णय गरी गठन गरेको कार्यदलले ऊर्जा क्षेत्रको विकासमा देखा परेका समस्याहरुको पहिचान गरेको छ । ती समस्या समाधानका लागि कुन निकायले के कति समयमा के कसरी काम गर्नुपर्ने सुझाव दिएको छ ।

सरकारी निकायबीचको समन्वय, सहकार्य तथा सरोकारवाला निकायबीचमा समान बुझाइ हुनुपर्ने पनि कार्यदलको सुझाव छ । कार्यदल ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठन भएको थियो ।

कार्यदलले आयोजनाको निर्माण, सुदृढीकरण तथा क्षमता अभिवृद्धिका कार्यहरु तोकिएको समयमा सम्पन्न नहुनु, विद्युत् उत्पादन आयोजना र सो को लागि आवश्यक हुने प्रसारण लाइन एवं सवस्टेशन लगायतका पूर्वाधार निर्माणमा तादम्यता नहुनु, प्रसारण तथा वितरण



प्रणाली निर्माणका लागि प्राविधिक र वित्तीय स्रोतका साथै कुशल निर्माण व्यवसायीको सहज उपलब्धता र उचित परिचालन नहुनु जस्ता कारणले अपेक्षित प्रगति हुन नसकेको कार्यदलले ठहर गरेको छ ।

देशभित्र दक्ष जनशक्तिको अभाव पनि यस क्षेत्रको विकासमा चुनौतीको रुपमा खडा भएको छ । निर्माण व्यवसायीको क्षमता पनि अपेक्षित रुपमा बढ्न सकेको छैन । निजी क्षेत्रले यस क्षेत्रमा पछिल्ला दिनमा प्रगति भएपनि गुणात्मक परिवर्तन गर्ने गरी हस्तक्षेप गर्न सक्ने स्थानमा पुग्न सकेको छैन । वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक संयन्त्रहरुको पहिचान तथा परिचालन गर्न नसक्नु, क्लाइमेट फाइनान्सिङको प्रचुर सम्भवना भए पनि ऊर्जा संरचना निर्माणमा उक्त स्रोतको उपयोग हुन सकेको छैन ।

जलावायु परिवर्तनको असर नेपाल जस्ता हिमाली देशमा अत्यधिक मात्रामा परेको छ । ग्रीन हाउस ग्यास उत्सर्जनमा नेपालको भूमिका असाध्यै न्यून भए पनि नकारात्मक प्रभाव भने अत्यधिक मात्रामा परेको छ ।

कार्यदलले पहिचान गरेको समस्यामा आयोजनाको विकासका लागि नीति तथा कानुनको समयानुकूल तर्जुमा एवं परिचालन नहुनु, विद्यमान ऐन, कानुनका बीच सामस्या कायम नहुनु, विद्युत् आयोजनाको विकासमा प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट नहुनु, विद्यमान सार्वजनिक खरिद कानुनमा विद्युत् आयोजना विकासका लागि अनुकूल हुने विशेष व्यवस्था नहुनु रहेको छ ।

यस्तै, विद्युत् व्यापार सम्बन्धी नीतिगत एवं कानुनी व्यवस्थाको अभाव हुनु, अन्तरदेशीय विद्युत् व्यापारका लागि आवश्यक पूर्वाधारको कमी हुनु र क्षेत्रीय तथा उपक्षेत्रीय तहमा बजार थप विस्तार हुन नसक्नुलाई पनि समस्याको रुपमा चित्रण गरेको छ । यी र यस्ता समस्याको समाधानका लागि नीतिगत रुपमा थप प्रष्टताको आवश्यकता औंल्याइएको छ ।

कानुनी, संरचनागत सुधार, दक्ष जनशक्तिको जोहो, लगानीमैत्री वातावरण र लगानीका बहुपक्षीय स्रोतको व्यवस्थापन, तालिकाबद्ध विकासको आवश्यकता औंल्याइएको छ ।

अर्थतन्त्रको प्रमुख आधार स्तम्भका रुपमा ऊर्जा क्षेत्रको विकास गर्न थप लगानी एवं तोकिएकै समयमै आयोजनाको विकास गर्ने विषयलाई सरकारले प्राथमिकता दिएको छ ।

वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जा वितरणमा रहेको समस्या तथा क्रमश: बढ्दै गएको लागत घटाएर प्रतिस्पर्धी बनाउने चुनौतीलाई सम्बोधन गर्नुपर्ने कार्यदलको सुझाव छ । प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गर्दै दिगो भरपर्दो र गुणस्तरीय रुपमा आयोजना निर्माणलाई जोड दिनुपर्ने आवश्यकता पनि उत्तिकै देखिएको छ ।

जल तथा ऊर्जा आयोगको प्रतिवेदनअनुसार कूल ग्राहस्थ उत्पादनमा सात दशमलव दुई प्रतिशत वार्षिक वृद्धिदर लिई प्रक्षेपण गर्दा गर्दा सन् २०३५ सम्म कूल आन्तरिक माग ४० हजार सात सय ७० गिगावाट घण्टा पुग्नेछ । त्यसका लागि १३ हजार चार सय ६८ मेगावाट बराबर बिजुली उत्पादन हुनुपर्नेछ । *(स्रोत: अनलाइनखबर)*

# चीनमा १९ औं एसियाडको भव्य उद्घाटन

हाङजाउ/एसियाली खेलकुदको सबैभन्दा ठूलो कार्यक्रम १९ औं एसियाडको भव्य उद्घाटन भएको छ । चीनको हान्झाउस्थित हान्झाउ ओलम्पिक स्पोर्ट्स सेन्टर स्टेडियममा चिनियाँ राष्ट्रपति सी जिङपिङले १९ औं एसियाडको औपचारिक उद्घाटन भएको घोषणा गरे । राष्ट्रपति सीले पनि १९ औं एसियाडमा निकै रुचि दिइरहेका थिए ।

१९ सेप्टेम्बरदेखि नै फुटबल, क्रिकेट र भलिबलका खेलहरु सुरु भइसके पनि एसियाडको औपचारिक उद्घाटन शनिबार भएको हो । एसियाडमा टेबल टेनिस लगायत अन्य केही खेलको प्रतिस्पर्धा पनि सुरु भइसकेको छ । शनिबार भने टेबल टेनिस र सेलिङका केही खेलहरु भएका थिए ।

चिनियाँ राष्ट्रपति सी र ओलम्पकि काउन्सिल अफ एसिया (ओसिएका) कार्यवाहक अध्यक्षको आगमनपछि सुरु भएको उद्घाटन समारोहको सुरुमा 'वाटर इन अटुमन ग्लो' नामक ओपनिङ प्रदर्शन भएको थियो । त्यसपछि सहभागी ४५ वटै देशका खेलाडीले मार्च पास गरेका थिए । सहभागी खेलाडी र जजको तर्फबाट एक एक जनाले सपथ लिएका थिए । एसियाडको टर्च बाले पछि अन्तिममा १९ औं एसियाडको अफिसियल गीत 'द लभ वि सेयर' को प्रस्तुति सँगै उद्घाटन समारोह सकिएको थियो । उद्घाटन समारोहमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पनि सहभागी भएका थिए ।

कमलको फूलजस्तै आकारमा रहेको उद्घाटन स्थल बिग लोटसको नामले समेत चिनिन्छ । एसियाडको समापन पनि यही हुनेछ । कोभिड-१९ महामारीका कारण तोकिएको समय भन्दा एक वर्ष ढिला सुरु भएको १९औं एसियाडमार्फत चीनले आफू सुरक्षित रहेको सन्देश दिन चाहेको छ ।

एसियाका लागि चीनको पूर्वी दक्षिण शहर हान्झाउमा आयोजना भएको १९औं एसियाडको नारा हार्ट टु हार्ट अर्थात मुटुदेखि मुटुसम्म भन्ने रहेको छ । एसियाडका लागि हान्झाउ शहर मज्जाले सिंगारिएको छ । हजारौंको संख्यामा स्वयंसेवकहरु खटाइएका छन् ।

उद्घाटन भएको शहर अलिबाबाका संस्थापक ज्याक माको जन्मथलो समेत हो । प्रविधिको शहरको रुपमा चिनिने हान्झाउलाई पहाड र तालको शहर समेत भनिन्छ । वेस्ट लेक यहाँको चर्चित ताल हो ।

**अहिलेसम्मकै ठूलो एसियाड**

चीनमा तेस्रो पटक आयोजना भइरहेको एसियाड एसियाली खेलकुदको इतिहासमै सहभागिताको हिसाबले सबैभन्दा ठूलो बनेको छ । यस पटक एसियाडमा एसियाका पूरै ४५ देश सहभागी छन् भने १२ हजार भन्दा धेरै खेलाडीको सहभागिता रहेको छ । एसियाको ४५ देशले प्रतिस्पर्धा गर्ने १९औं एसियाडमा ४० खेलमा १२ हजार ४१७ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । एसियाडको इतिहासमै कुनै पनि संस्करणमा सहभागी यो अहिलेसम्मकै सबैभन्दा धेरै खेलाडी संख्या हो ।

सन् १९५१ मा छिमेकी भारतको नयाँ दिल्लीबाट सुरु भएको एसियाड चीनले यसअघि सन् १९९० र २०१० मा आयोजना गरेको थियो । एसियाडमा ४० खेलको ४८१ इभेन्टहरु समावेश गरिएको छ । जसका लागि ५४ खेल स्थल प्रयोग हुनेछ भने १४ नयाँ निर्माण गरिएको छ ।

**वीरबहादुर र निमाले बोके नेपालको झण्डा**

उद्घाटन समारोहको मार्चपासमा वीरबहादुर महरा र निमा घर्ती मगरले नेपालको झण्डा बोकेका थिए । एक-एक महिला र पुरुष खेलाडीले मार्सपासमा झण्डा बोक्ने नियम अनुसार तेक्वान्दोका वीरबहादुर र उसुकी निमाले नेपालको झण्डा बोकेका हुन् । दुवैले २०१९ मा नेपालमा भएको १३ औं सागमा स्वर्ण जितेका थिए ।

यस पटकको एसियाडमा नेपालको सहभागिता विगतको भन्दा ठूलो छ । १९औं एसियाडमा नेपालबाट २९ खेलमा २५३ खेलाडी सहभागी भएका छन् । जसमा १२७ महिला र १२६ पुरुष छन् ।

यसअघि २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको एसियाडमा नेपालबाट २०३ जना खेलाडी सहभागी थिए । २०१८ मा इन्डोनेसियामा भएको १८ औं एसियाडमा नेपालबाट २९ खेलमा १८५ खेलाडी सहभागी भएका थिए ।

नेपालले उद्घाटनअघि पुरुष भलिबल र महिला फुटबलमा प्रतिस्पर्धा गरिसकेको छ । पुरुष भलिबल टोली समूहको दुवै खेल हार्दै बाहिरिसकेको छ । महिला फुटबल टिम भियतनामसँग पहिलो खेलमा पराजित भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# जुरी निर्णयको किर्ते कागजात तयार हुनसक्ने प्रदीपको आशंका

काठमाडौं/भदौमा भएको 'राष्ट्रिय चलचित्र पुरस्कार'मा सर्वोत्कृष्ट फिल्मको विधा गायब भएपछि उत्पन्न विवाद अदालतसम्म पुगेको छ । जुरीले 'प्रकाश'को नाम सर्वोत्कृष्ट फिल्ममा सिफारिस गरेको तर सञ्चार तथा सञ्चार मन्त्रालय र चलचित्र विकास बोर्डले सरकारमा रहेको पार्टी माओवादी केन्द्रलाई नकारात्मक रुपमा चित्रण गरेको फिल्मलाई अवार्ड दिन नमिल्ने भन्दै मुख्य विधा नै हटाइएको चर्चा छ ।




महत्वपूर्ण विधामा अवार्ड वितरण नभएपछि बिहीबार 'प्रकाश'का निर्देशक दिनेश राउत, लेखक विकास सुवेदी र फिल्म छायांकन भएको ठाउँ जुम्लाका स्थानीय मीनराज आचार्यले चलचित्र विकास बोर्डलाई विपक्षी बनाएर उच्च अदालत पाटनमा रिट दायर गरे । शुक्रबारको सुनुवाईमा अदालतले बोर्डलाई कारण देखाऊ आदेश जारी गर्दै जुरी निर्णयको सक्कल प्रति झिकाउन पनि भनेको छ ।

अदालतको आदेशपछि 'प्रकाश'का अभिनेता प्रदीप खड्काले किर्ते कागजात तयार हुनसक्ने आशंका व्यक्त गरेका छन् । बनावटी कारण देखाएर अथवा किर्ते कागजात तयार गरेर अख्तियार दुरुपयोगको श्रृंखलामा अर्को घटना थप्ने कुचेष्टा हुनसक्ने आशंका गर्दै उनले फिल्मकर्मीहरुलाई सजक रहेर अन्यायविरुद्द आवाज उठाउन नहिच्किचाउन फेसबुकमा स्टाटस लेख्दै अनुरोध गरेका छन् ।

प्रदीपले सांकेतिक रुपमा चलचित्र विकास बोर्डले जुरी निर्णयको कागजात बनावटी वा किर्ते गर्न सक्ने आशंका व्यक्त गरेका हुन् । बोर्ड अध्यक्ष भुवन केसीसँग उनको 'प्रेमगीत ३'को बेलादेखि शितयुद्ध छ । उनले केसीको राजीनामा पनि मागिसकेका छन् । भुवन केसीले आफूसँगको रिसइबी साँध्न राष्ट्रिय चलचित्र पुरस्कारमा 'प्रकाश'लाई उत्कृष्ट फिल्मको अवार्ड नदिएको आशंका उनको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# दाहाल प्रेस काउन्सिलबाट पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ मकवानपुरका अग्रज पत्रकार राममणि दाहाल प्रेस काउन्सिल नेपालको आचारसंहित पुरस्कारबाट पुरस्कृत भएका छन् ।

'प्रेस काउन्सिल आचार संहिता पुरस्कार-२०८०' मकवानपुरका अग्रज पत्रकार दाहालले शनिवार राष्ट्रपति रामचन्द्र पौडेलको हातबाट पाएका हुन् । नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष दाहाल हेटौंडामा रही गोरखापत्र राष्ट्रिय दैनिकमा बागमती प्रदेश संयोजकको भूमिकामा कार्यरत छन् । प्रेस काउन्सिल नेपालले ५४ औं वार्षिकोत्सवको अवसरमा आचार संहिता पुरस्कारबाट मकवानपुरका दाहालसँगै कञ्चनपुरका माधवसिंह धामी, र काभ्रेबाट प्रकाशित हुने चेष्टा साप्ताहिकलाई पुरस्कृत गरेको छ ।



प्रेस काउन्सिल नेपालले आफ्नो वार्षिकउत्सवका अवसरमा देशभरबाट करिब ६० जनालाई पुरस्कार र सम्मान प्रदान गरेको छ । काउन्सिलले विजय चालिसे, कुलचन्द्र वाग्ले, धर्मेन्द्र झा, गगन विष्ट, राजन कार्की, नरेन्द्रजंग पिटर, राजु सिलवाल, रमेश तुफान, मनमोहन स्वाँर, रवीन्द्र घिमिरे, कृष्ण अधिकारी, उदय जिएम र राजकुमार कार्की रहेका छन् । यस वर्षको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार पत्रकार निर्मला शर्मालाई प्रदान गरिएको छ । प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार पत्रकार दमन राईलाई दिइएको छ ।

प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पुरस्कार दुईजना पत्रकार सागर पण्डित र चूडामणि भट्टराईले पाएका छन् । प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार १६ जना पत्रकारलाई प्रदान गरिएको छ । पत्रकारहरु विमल ज्ञवाली, जीवन भण्डारी, शंकर रोक्का, श्यामदत्त भट्ट, रामकला खड्का, ताराचन्द्र देवकोटा, भीष्मराज ओझा, माधव बस्नेत, रामकृष्ण अधिकारी, चाँदनी आचार्य, दामोदर न्यौपाने, मणिराज बास्तोला, रमेश गिरी, रमेश शाही, प्रेमकुमार आचार्य र वीरेन्द्र रमणले पाए । प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार १९ जना पत्रकारलाई दिइएको छ । पाण्डव शर्मा, मीन ठकुरी, वीरेन्द्र केसी, सञ्जीव घिमिरे, कृष्ण ओली, दीपा रेग्मी, मदन कोइराला, युवराज खड्का, नरेन्द्रसिंह कार्की, अमृतप्रसाद पौडेल, विनोदकुमार मल्ल, भानुभक्त निरौला, हरि भण्डारी, विजय रावत, जगदीश्वर पाण्डे, राजु लामिछाने, इन्द्रविवश डिसी र ओमकार आचार्यलाई दिइएको हो ।

प्रेस काउन्सिल महिला सशक्तीकरण पत्रकारिता पुरस्कार पवित्रा सुनार, भवानी अधिकारी, तारा चापागाईं, दुर्गा आचार्य, रुपा घिमिरे र गगनशीला खड्कालाई दिइएको हो । प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कारबाट सन्तोष सिंह, मनकुमार गदाल, शर्मिला बुढाथोकी, रितेश त्रिपाठी, रजनी योगी, विनोद परियार, फिरोज सिद्धिकी पुरस्कृत भएका छन् । प्रेस काउन्सिल विधागत पत्रकारिता पुरस्कार केशव थोकर र नेमिश गौतमलाई दिइएको छ । प्रेस काउन्सिल साहित्यिक पुरस्कार हिमाल गुराँस द्वैमासिकका खिमानन्द पोखरेलले र प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार मैथली भाषाको आँजुर द्वैमासिकका सम्पादक रामभरोष काँपडीले पाए ।



## विद्यार्थीलाई पकाउन सिकाउँदै युनिभर्सल :

मनहरी गाउँपालिका-७, स्थित युनिभर्सल लर्निङ एकेडेमीमा खाना पकाउन सिक्दै विद्यार्थी । हप्ताको एक दिन अर्थात शुक्रबार एकेडेमीले किताबी अध्ययन नगराई व्यवहारिक ज्ञान दिने गरेको छ । एकेडेमीमा अध्ययनरत् बालबालिकाहरुलाई हप्तामा ५ दिन पढाई र एक दिन व्यवहारिक ज्ञान दिँदै आएको छ । जिल्लाका संस्थागत विद्यालयहरुको भीडमा विद्यार्थीलाई किताबी पढाईसँगै व्यवहारिक ज्ञान दिने युनिभर्सल एकेडेमी सम्भवत: पहिलो नै हुन सक्छ । एकेडेमीले बालबालिकालाई खाना कसरी पकाउने ? भनेर प्रतिस्पर्धात्मक रुपमा क्रियाकलाप गराएको छ । व्यवहारिक ज्ञान नहुँदा घरमा खानासमेत पकाउन नजान्ने बालबालिकालाई एकेडेमीले नै सिकाउन खोजेको हो । 'विद्यार्थीहरु आफैले अँगेना बनाए, आगो फुके, प्याज खुर्सानी काटे, तेल तताए, तरकारी पकाए, चामल भिजाए, भात पकाए ।', एकेडेमीका सञ्चालक शिवकुमार काशीले भने । बालबालिकाले सिक्न चाहेको सीप घरमै सिकाउन सहजीकरण गर्न उनले अभिभालकलाई सुझावसमेत दिए । बच्चाको कपडा आफैले धुन चाहेमा धुन सिकाउनुपर्ने, भाँडा माझ्न सिकाउनुपर्ने, पकाउन सिकाउनुपर्ने भन्दै उनले बालबालिकालाई परनिर्भर बनाउनु नहुने बताए । *तस्बिर: साझाकुरा ।*

# संस्कृतिविद् डा. गुरुङलाई मातृभूमि राष्ट्रिय सम्मान




साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ मातृभूमि साहित्य समाजले हरेक वर्ष प्रदान गर्ने मातृभूमि राष्ट्रिय पुरस्कार २०८० बाट संस्कृतिविद् डा. जगमान गुरुङलाई प्रदान गरेको छ । शानिबार हेटौंडामा एक समारोहबीच डा. गुरुङलाई नगद २५ हजार सहित पुरस्कार समर्पण गरिएको हो ।

गुरुङले त्रिभूवन विश्व विद्यालयबाट नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयमा विसं. २०३९ मा प्रथम श्रेणीमा स्नातकोत्तर उत्तीर्ण गरेका थिए । उनले सन २००९ मा भारतको कोलकत्तामा रहेको विश्व ज्योतिष विद्यापिठबाट चिनियाँ तिब्बती ज्योतिषशास्त्रमा विद्यावारिधि गरेका थिए । उनले नेपाली इतिहास र संस्कृति विषयक ७ वटा पुस्तक प्रकाशन गरेका छन् भने हजारौं लेखरचना प्रकाशन भएका छन् ।

डा. गुरुङलाई बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सम्मानपत्र प्रदान गरेकी थिइन् । मन्त्री मोक्तानको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष माधव पोखेलको अध्यक्षतामा कार्यक्रम भएको हो । समाजको २५ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा मातृभूमि लघुकथारत्न सम्मान २०८० लघुकथाकार डा. विदुर चालिसेलाई प्रदान गरिएको थियो ।

लघुकथाकार चालिसेले पनि त्रिविविबाट भाषा विज्ञानमा विद्यावारिधि गरेका छन् । उनका र ातो चामल, जलान लघुकथा संग्रह र लघुकथालय र लघुकथाकल्प चिन्तन र मनन् कृतिहरु प्रकाशित छन् ।

उनले अंग्रेजी भाषाका कृतिहरु अनुवादित समेत गरेका छन् । कवितामा पनि दख्खल रहेका चालिसेका युग बोल्छ, सिसिफसको श्रपित मांसपिण्ड, सेन्गल, कोशिका उडान, स्मृतिका पहाड, चियाङमाइको डवली कविता संग्रह प्रकाशित छन् । सोहीअवसर मकवानपुरे महाकाव्यकार मुना अर्यालको महाकाव्य महाकाश विमोचन गरिएको छ । अर्यालद्वारा लेखिएको पुस्तक मातृभूमि साहित्य समाजले प्रकाशन गरेको हो ।

मन्त्री मोक्तान, संस्कृतिविद् डा. गुरुङ, डा. चालिसे, समाजका प्रमुख संरक्षक मुक्तिगोविन्द वैद्य, संरक्षक हृयग्रीव आचार्य, सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिललगायतले पुस्तक विमोचन गरेका थिए । सोही अवसरमा समाजले समाजका प्रमुख संरक्षक मुक्तिगोविन्द वैद्य, संरक्षक हृयग्रीव आचार्य, सल्लाहकार देवराज खरेललाई रजतवर्षको अवसर पारेर सम्मान गरेको थियो । कार्यक्रममा विभिन्न सर्जकहरुले आफ्ना साहित्यिक रचना प्रस्तुत गरेका थिए ।

# रक्षादेवी टोललाई हरित बनाउन वृक्षरोपण



साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडा उपमहानगरपालिका-६, चौघडास्थित रक्षादेवी टोललाई हरियाली टोलको रुपमा विकास गर्ने उद्देश्यले नवजीवनज्योति क्लब हेटौंडा-६ को आयोजनामा वृक्षरोपण भएको छ ।

हेटौंडा उपमहानगर पालिका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यता तथा क्लबका अध्यक्ष राजकुमार बास्तोलाको अध्यक्षतामा वृक्षरोपण भएको हो । रक्षादेवी टोल विकास संस्थामा ८७ घरधुरी आवद्ध छन् । संस्थाले नमूना टोलको लागि विभिन्न कार्यक्रम सहितको वार्षिक कार्यतालिका पनि सार्वजनिक गरेको संस्थाका सचिव राजकुमार फुयाँलले जानकारी दिए ।

टोलको प्रत्येक घर अगाडि कल्की जातको फूलको विरुवा रोपिएको छ । वृक्षरोपण कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नम्बर ६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मकवानपुरगढी गाउँपालिका ७ का वडाअध्यक्ष सूर्यबहादुर रुम्बा, हेटौंडा उपमहानगरपालिका-६ का वडासदस्यद्वय विजय पौडेल, लेखराज ढकाल, राष्ट्रिय भूमि आयोग विज्ञसदस्य एबम् हेटौंडा-६ का पूर्ववडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, नवजीवनज्योति क्लबका निवर्तमान अध्यक्ष श्रीराम पुडासैनी, नवजीवनज्योति क्लबका पूर्वअध्यक्ष श्यामप्रसाद श्रेष्ठ, रक्षादेवी टोल विकास संस्थाको अध्यक्ष रमेशकुमार बानियाँलगायतको आतिथ्यता रहेको थियो ।

# मकवानपुरमा अकोराब गठन, अध्यक्षमा अधिकारी

साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ सामुदायिक रेडियोहरुको साझा संस्था सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) मकवानपुरको गठन गरिएको छ ।

शनिवार हेटौंडामा भएको प्रथम जिल्ला सम्मेलनले अकोराब मकवानपुर समिति गठन गरेको हो । अकोराबको अध्यक्षमा शक्ति एफएमका सञ्चालक तिलक अधिकारी सर्वसम्मत चयन भएका छन् । सम्मेलनको बन्दसत्रले रेडियो मकवानपुरलाई उपाध्यक्ष, रेडियो मनहरीलाई सचिव, रेडियो पालुङलाई कोषाध्यक्ष पदको जिम्मेवारी दिएको छ । मकवानपुरमा रहेका ८ वटा सामुदायिक रेडियोमध्ये बाँकी ४ (रेडियो इन्द्रसरोबर, रेडियो निकास, रेडियो सन्देश र रेडियो झुरझुरे) सदस्य रहने गरी नयाँ कार्यसमिति चयन गरिएको हो ।



हेटौंडा उपमहानगर पालिकाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको सम्मेलन अकोराब मकवानपुरका संयोजक राजकुमार केसीको सभाध्यक्षतामा सम्पन्न भएको थियो । मेयर लामाले सामुदायिक रेडियोले दूरदराजका जनताका आवाजलाई बुलन्द पार्नुपर्नेमा जोड दिइन् ।

विकसित मुलुकहरुमा समेत महत्वपूर्ण सञ्चारमाध्यमको रुपमा रेडियो रहेको कुरा स्मरण गर्दै उनले मकवानपुरका सञ्चार माध्यमसँग हातेमालो र सहकार्य गर्न उपमहानगरपालिका तयार रहेको प्रतिबद्धता व्यक्त गरेकी छन् ।

सम्मेलनको उद्घाटन सत्रमा रेडियो मनहरीका सञ्चालक शिवकुमार काशीले मकवानपुरमा रेडियोको इतिहास, वर्तमान अवस्था र अकोराबले आगामी दिनमा चाल्नुपर्ने कदमबारे प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा अकोराबका केन्द्रीय सदस्य ध्रुवराज ढकाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्णसारु मगर, ब्रोडकास्टिङ एसोसिएसन नेपाल (बान)का बागमती प्रदेश अध्यक्ष गंगा पौडेल, नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी, प्रेस चौतारी नेपाल मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, नेपाल प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास विडारी, समाजवादी प्रेस संगठन मकवानपुरका अध्यक्ष शिव चौलागाईं, अनलाइन मिडिया एसोसिएसन नेपाल (ओमान)का अध्यक्ष धर्मेन्द्र दाहाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# चौकीटोलमा सरसफाई र वृक्षरोपण



साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडा उपमहानगरपालिका-२ चौकीटोलमा सुन्दर व्यायाम समूहले शनिवार सरसफाइ र बृक्षरोपण गरेको छ । चौकीटोलको व्यायाम गर्ने क्षेत्र र वन समितिको हल वरपरका क्षेत्रमा सरसफाइ गरिएको हो ।

यस क्षेत्रमा बिभिन्न जातका बिरुवा समेत रोपिएको र सरसफाइ गरिएको सुन्दर व्यायाम समूहका अध्यक्ष कल्पना सुवेदीले जानकारी दिएकी छन् । हरेक दिन बिहान व्यायाम गर्नमा व्यस्त हुँदै आएका यस समूहमा आवद्ध भएकाहरुले यस अघि पनि सरसफाइ र बृक्षरोपणको कामलाई निरन्तरता दिदै आएका थिए ।

हेटौंडाको वडा नम्बर-१ र २ का मात्र नभई बजार क्षेत्रका नागरिक पनि यस क्षेत्रमा व्यायाम गर्न आउने गरेका छन् । शनिबारको दिनमा व्यायाम सकेर सरसफाइ पनि गरिएको अध्यक्ष सुवेदीले बताइन् ।

# नमस्ते सहकारीको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ हेटौंडा उपमहानगरपालिका-१० टिसिएन रोडस्थित नमस्ते मकवानपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा भएको छ ।

शनिबार भएको १५ औं वार्षिक साधारणसभामा अध्यक्ष नवराज खनालले पेश गरेको प्रतिवेदनमा कोरोना महामारी तथा आर्थिक मन्दीको अवस्थामा सञ्चालक समिति र कर्मचारीको सक्रियताका कारण ऋणको सावाँ र व्याज असुली गर्न सफल भएको उल्लेख गरिएको छ ।

सहकारीका ज्येष्ठसदस्य रुद्रकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको भेलामा सहकारी सचिव चिरनकुमार घिमिरे, कोषाध्यक्ष केदार अधिकारीले आआफ्नो प्रतिवेदन पेश गरेका थिए ।

हेटौंडा उपमहानगर पालिका सहकारी शाखाका अधिकृत हिमप्रसाद पौडेलको विशेष आतिथ्यता रहेको सभामा पेश भएको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७८/७९ मा रहेको लगानी २ करोड ७० लाख ५५ हजारलाई वृद्धि गरी आव ०७९/८० मा ३ करोड ४४ लाख २२ हजार रुपैयाँ पुर्‍याइएको छ ।

आव २०७८/७९ को तुलनामा आव ०७९/८० मा सहकारीको कुल सम्पत्ति १४.५३ प्रतिशतले वृद्धि गर्दै ३ करोड ८८ लाख ८३ हजार रुपैयाँ पुगेको छ । आव २०७८/७९ मा सहकारीको कुल सम्पत्ति ३ करोड ३२ लाख ३५ हजार रुपैयाँ रहेको थियो ।

# राईगाउँमा लिफ्ट सिंचाई



साझाकुरा संवाददाता

हेटौंडा, ६ असोज/ भूमिगत सिंचाइ डिभिजन कार्यालय चितवनले मकवानपुरका विभिन्न स्थानमा सिँचाइका लागि पूर्वाधार निर्माणको काम गरिरहेको छ ।

मकवानपुर, चितवन र नवलपरासी जिल्ला कार्यक्षेत्र भएको कार्यालयले मकवानपुरको बागमती, बकैया, कैलाश गाउँपालिका तथा हेटौंडा उपमहानगरपालिकालगायत अन्य पालिकाहरुमा सिँचाइको लागि काम गरिरहेको कार्यालय प्रमुख देवकुमार स्याङ्बोले जानकारी दिए । यसैबीच, कार्यालयले मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका वडा नम्बर २ राईगाउँमा भूमिगत सिँचाइ डिभिजन कार्यालयले सिँचाइको सुविधा पुर्‍याएको छ ।

१५ सय मिटर पाइपलाइन विस्तार गरी करिब १ सय ५० विगाहा जमिनमा बाह्रै महिना सञ्चालन हुने लिफ्ट सिँचाई सेवाको सुरुवात गरिएको प्रमुख स्याङ्बोले जानकारी दिए । वर्षौंदेखि सिँचाइको अभावमा तड्पिरहेको राईगाउँमा अहिले भूमिगत सिँचाइ सुरुवात गरिएपछि त्यस क्षेत्रका किसान खुसी भएका छन् ।

सिँचाइ आयोजना समयमै सम्पन्न गरिएपछि अब कृषकको जीवनयापन सुधार हुने र कसैको जग्गा बाँझो नरहने स्थानीयले बताए । पालिकाभित्र अन्य स्थानमा पनि भूमिगत सिंचाइ आवश्यक रहेको स्थानीयको भनाइ छ ।

गत वैशाखबाट सुरु भएको आयोजना भदौ अन्तिममा मात्रै राईगाउँका स्थानीयलाई हस्तान्तरण गरिएको प्रमुख स्याङबोले बताए । यस भूमिगत सिँचाईले करिब ६ सय घरधुरी कृषकहरु लाभान्वित हुने र आयोजनापछि आफूहरुलाई कृषिपेशामा लाग्न प्रोत्साहन भएको भन्दै स्थानीय खुशी भएका छन् । यससँगै जिल्लाको बकैया गाउँपालिका-४ मा थली, कैलाश गाउँपालिका, हेटौंडा उपमहानगर पालिकाको हर्नामाडीमा पनि आयोजनाका काम भइरहेको उनले बताए । लिफ्ट सिँचाइ आयोजनाका लागि कम्तिमा ४० बिगाहा जमिनको आवश्यक पर्ने प्रमुख स्याङ्बोले बताए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना